RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष – 50 अंक – 4 अप्रैल 2021 मासिक पत्रिका मूल्य 9/– पृष्ठ 12

गोर्खाली सुधार सभा

रिसातदार राम सिंह पंवार ओ.बी.आई. द्वार

## अंतरंग सभा



# शाखा अध्यक्ष श्री शमशेर थापाज्यूको अध्यक्षतामा वार्षिक अधिवेशन, शाखा जैतनवाला



# पूर्व राज्य सभा सांसद तरूण विजयज्यूको अभिनंदन



17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

17 अप्रैल 1938
गोर्खाली सुधार सभा
देहरादून
वर्ष –50, अप्रैल 2021

सम्पादक
कर्नल(अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा भााह

स्वामी/मुद्रक/प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा मेंजर धनसिंह थापा परमवीर चक्र मार्ग, गढ़ी कैन्ट,
देहरादून फोनः 0135–2756070
9897440879

वितरक
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा

प्रकाशन कार्यालय
वाणी प्रिंटिग प्रेस, धोसी गली
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

कोरोना विश्व व्यापी महामारीको एक वर्ष अवधि भित्र फेरि प्रवेश गर्‍यो एउटा नयाँ अवतारमा (Double Mutant Variation) जो खतरनाक छ, पहिलेको (Covid-19) भन्दा, अनि भारत सरकारले पनि आशँका जताएको छ। पछिल्लो महामारीको फैलाव  भन्दा यो तेजीसित बड़दैछ, अनि यसको शुरूआती लक्षणमा नैं ध्यान दिएन भने तीन दिन भित्रमा नै संक्रमित व्यक्ति को मृत्यु हुने सम्भव मात्र होइन, सत्य थियो। सकारात्मक रहदॉ–रहॅदै पनि, संक्रिय रहदॉ–रहॅदै पनि अप्रैल–मईको महिनामा हाम्रो स्थिति एकदमैं शिथिल बनि सकेको थिया। दैनिक मृत्यु संख्या दिन दिनै लाखको हिसाबले बनी रहेको थिया। वास्तविक भन्दा बेसी झुठा खबर अफवाह सरकार प्रति आरोप प्रति आरोपको कारण समाजमा मनोबैज्ञानिक प्रभावले सताएको थिबो। यो अफवाह, जस्तै ऑक्सिीजनको कमी, हस्पिटलमा विस्तराको कमी वायुसंचार (Ventilator), चिकित्सो सम्बन्धी बन्दोवस्त आदिको कमीले सबै चिन्तित हुनु स्वभाविक थियो, जसले जनताको मानसिक स्थितीमा प्रभाव पारेर संक्रमित तथा व्यक्तिहरूको आत्माबललाई कमजोर पार्ने सफल रहेको थियो। यद्यपि, सरकार समाज, चिकित्सकहरूको अथक सेवाभावले यसमा नियंत्रण, सोचेको अवधि भन्दा पहिले नै राख्न सफल रहयौ, जो प्रंशसिनीय अनि उल्लेखनीय छ। कोरोना वायरसले हाम्रो समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विविध नकारात्मक प्रभाव पार्न स्वाभाविक हो। त्यसैले कोरानाको रोकथाम र यसले हाम्रो सामाजिक आर्थिक र सांस्कृतिक जीवनमा पार्ने प्रभावलाई न्युनिकरण गर्न हाम्रो सार्वजनिक संस्थाहरू, निजी क्षेत्र आदिमा कार्यरत कर्मचारी र सबै सचेत नागरिकहरूले आफ्नो–आफ्नो सामाजिक उत्तरदायित्व गम्भीरतापूर्वक पालन गर्नु पर्नेछ। तर अति चिन्ताको कुरो, यस महामारीमा हामी कतिको गम्भीर थियौ, कहि निम्न् स्तरिय घटना बाट बुझ्न सक्छौ–दवाई दुकानदारहरूले, दवाई, टीकाको आफ्नो मनपरिको दाम लगाए, थप पैसा कमाउने उदेश्यले, अस्पतालमा, विस्तराको झुठा (Fake) Booking गरेर, उच्च मोलमा हुने खाने हरूलाई उपलब्ध गराएर, (Ventilator), वायु संचार अनि ऑक्सीजन सिलिंडर को काला बाजार, अस्पताल (Ambulance)गाडीको आकाश छुने किराया, यहाँ सम्म की शम्शान घाटमा पनि, तोकिएको सेवा किराया भन्दा बेसी माँग नगरेको  होइन नत्र भने दाह संस्कार नै नहुने स्थिती थियो। यो भन्दा शर्मनाक, हाम्रो सभ्य समाजको निम्ति के हुन सक्छ। तर सरकारले तुरन्तै यी सबैमा शख्ताई गरे पछि स्थितीमा सुधार आयो, यद्यपि हरामको खानेहरूलाई कसैले रोक्न सक्दैन। सरकार हर क्षेत्रमा सक्रिय रहन सक्दैन तर हर क्षेत्रमा समाजहरू सचेत र सर्तक रहे यी सबमा रोक लाग्न सक्छ। साथै मुख्य भूमिका यस विषयमा मिडियाले पनि प्रभावशाली रूपमा निभाएका थियो। तर दुखको कुरो यस्तो प्राकृतिक आपदा जस्तै यस महामारीको समयमा पक्ष–विपक्ष को भूमिका मिडियाको निन्दनीय हो, खण्डनीय छ। यसै गरेर सरकार (पक्ष–विपक्ष) गम्भीर बन्नु पर्छ। आरोप प्रति आरोप यस्तो समयमा सरकार (पक्ष–विपक्ष दुवै) को आवश्यक कतै हुँदैन। राज नेताहरूले यो बुझरनु पर्छ। जनता लाई मुर्ख मान्ने अनि Cattle class भनि सम्बोधन गर्ने समय होइन। जनता जागरूक हुनु साथै समाज प्रति गम्भीर र संवेदनशिल छन्। हामी यस्तो स्थितीमा सचेत बनेर देशलाई अराजकता बाट बचाउनु नै चतुर राजनेताहरू चक्र देखि बॉच्नु हो। यो सामाजिक सन्जालमा कोरोना वायरस सम्बन्धी, चिकित्सा सम्बन्धी विभिन्न अफवाह तथा भ्रामक फैलाउने समय होइन। अपुष्ट समाचारहरू फैलाएर मानिसलाई आंतकित गर्ने समय पनि होइन। बिमारले, वायरसले कुनै वर्ग र धर्म चिन्दैन। जुन सुकै धर्म मान्ने मानिसहरू पनि यसमा वायरसबाट संक्रमित भएका छन्। त्यसैले यो कुनै धर्मलाई उच्च र कुनै धर्मलाई तुच्छ देखाउने समय पनि होइन्। आपदा बताएर ऑउदैन तर यसको रोकथाम संभव छ। विश्वको हरेक नागरिक सतर्क, सचेत अनि आफु बाट बचाव गर्न सकिने क्रियाहरूलाई अनुशासित अनि निरन्तरता सित् पालन गरे यसको नियन्त्रण हुन्छ। एक थुकी सुकी सय थुकी नदी भने जस्तै यस्तो अनुशासित काम अरूले पनि अनुकरण गरे समाजअनि समुदाय बॉच्न सक्छन्, यसरी नै समाज बॉचे, देश बॉच्छ, विश्व बॉच्छ। ज्यान भए जहान हुन्छ। सबै स्वस्थ रहोस् समाज र देश सित जोड़िएको हरेक क्षेत्रमा ज्यान आउँछ। यसैले आपदा केवल प्रशासन अनि स्वस्थ विभागको मात्र जिम्मेदारी होइन। हामी साबै नै जिम्मेदार रहौं, यस्तो आपदा, महामारी सित बिजय बन्ने सकिन्छ, धेरै कम नोक्सान सित या नोक्सान बिना सित।

# अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

महामारी आँउछ जान्छ,सत्य हो। इतिहासले बताइ रहेको छ यस महामारी बिषयमा। बेसी टाढा नजाँउ पछिल्लो चार शताब्दी देखि आइ रहेको जानकारी सबैलाई विदितै छ।

हर 100 वर्ष पछि आउने यो महामारी आउँदो 100 बर्षमा नआउला भन्ने अनुमान लगाउन सकिन्न। आज भन्दा हजारौं साल अघि पनि मानव सभ्यताले महामारीको प्रकोप झेल्दै आएको हो, र अहिलेसम्म आफ्नु अस्तित्वको जगेरा गर्दै आएको छ र भविष्यमा पनि यो प्रक्रिया दोहोरि रहने छ । यस्तै भएको छ अहिले पनि एक बर्ष भित्रमा नै कोबिद–19 को दोस्रो प्रकोप जो पहिलो भन्दा तीव्र सित फैलि रहेको छ, पहिलो भन्दा घातक रुपमा। पछिल्लो एक बर्षमा भोगेको कष्ट अनि पाएको अनुभूति को मध्य नजर गल्तीहरुलाई नदोहोर्यौं। कोरोनाको दोस्रो लहरको प्रकोपको वृद्धि साथै संक्रमितहरुको मृत्यु संख्या साथै यसको प्रकोपको रोकथामको निम्ति लगाइएको प्रतिबन्धहरुले मानसिक स्थिती कमजोर पार्नु स्वभाविक थियो। जसको परिणाम असंख्य मुत्यु। यसको सफलता संयममा, अनुशासन,संकल्पमा छ। जसमा मुख्य छ बाहिर ननिस्कनु, निस्कने बाध्यता छ भने पनि, Face Mask, Social distancing, सफाईको ध्यान राख्न पर्छ साथै कोविद् सम्बन्धित सबै निर्देशनको पालन अति जरुरी छ। समय आएको छ आफ्नु दैनिक जीवनशैलीमा बदलाव लगाउन। स्वच्छ पर्यावरण प्रति घर–घरमै जागरूकता ल्याउन पर्छ अनि पर्यावरणको रख रखाव, बचाव अनि प्राकृतिक सम्पदाको अनावश्यक प्रयोग माथि पुर्ण नियंत्रण राख्नु पर्छ। स्वास्थय नै धन हो भन्ने उक्तिलाई गम्भीरतापूर्वक लिनु पर्छ अनि यस प्रति सचेतता सानै उमेर देखि नै नानीहरूमा ल्याउन पर्छ। दिनोदिन बढदो प्रकोप देखि हताश हुन हुँदैन। घर बाँचे ,गाँउ समाज बाँच्छ। लापर्वाहि नगरौं, यस महामारीलाई नियन्त्रणमा राख्न केहि सफल भएका छौं। समाजिक ,सचेतनाले देश सुरक्षित अनि सक्षम बन्न सक्छ अनि यो शक्ति र सोंच हामी संगै छ यसलाई सदुपयोग गरे सफलता कसैले रोक्न सक्दैन अनि तेस्रो प्रकोपको बचाव अहिलेको निर्देशनलाई अनुशासित भएर पालन भ्यौं भने, तेस्रो प्रकोपलाई कोसौं टाडैमा नै हराउन सक्छौं।

धन्यवाद,

# महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री ज्यू

इतिहास कै मानौ भने पनि गत चार शतक देखि विश्वव्यापी महामारीले सताउँदै आइ रहेको छ (सन् 1917,1918,1919 भनि 1920) गत् वर्ष सन् 2020 मा फैलिएको विश्वव्यापी कोरोनाले (कोविद–19) विश्वलाई चपेटमा राखेको डेढ़ वर्ष लाग्यो। यो अवधि भित्र, अहिले सम्म अलग्गै अवतारमा आई रहेको छ, पहिलो प्रकोप कोरोना (कोविद–19) थियो भने दोस्रो प्रकोप Double mutant variant अनि Black fungus र तेस्रो प्रकोपको पनि आगमन निश्चित् छ। विश्वको आर्थिक औद्योगिक कृषि शैक्षिक व्यापार, स्वास्थ सबैलाई नकारात्मक प्रभावले सताई रहेको छ। यद्यपि दृढ़, योजना, अनुशासन, सहयोग र समर्पित सोंच भए, यो सबको प्रभावलाई कम गर्न सकिन्छ, जो विश्वले गरेर देखाएको छ, जसमा भारतको नाम अग्रिम पंक्तिमा आउँछ। यो सवम्भव थियो किन भने देशको निम्न स्तरिय व्यवस्था र समुदाय सक्रिय थिए, उदार थिए अनुशासित थिए, जसले यस विश्वव्यापी महामारी सम्बन्धित निर्देश को पालन, प्रशासनिक व्यवस्था सित तालमेल बनाई राख्न सक्यौ। यो निम्न स्तरिय व्यवस्था सित जोडिएको संघ, संस्था संगठनहरूको योगदान उल्लेखनीय छ। यसमा हाम्रै गोर्खाली सुधार सभा पनि एउटा हो।

यस अवधिमा सभा परोक्ष साथै  अपरोक्ष रूपमा सक्रिय रहयो। लकडाउन को कारण दैनिक कार्यमा सक्रिय रहन सकैनौ। सभा द्वारा (संवैधानिक) प्रक्रिया काम विभिन्न योजना साथै अन्य सभा सम्बन्धित काम नियमित रूपमा चल्न सकेन। दोस्रो प्रकोपको प्रभावमा कमीको साथ केही ढील सरकार ले दिएको छ। यस अवधिमा सभा तथा शाखाहरूले गर्न पनि कार्य (योजना वद्ध) विभिन्न प्रशिक्षण को व्यवस्था सभाकै (संवैधानिक) कार्य मासिक सभा वार्षिक सभा (AGM) कार्यकारिणी को चुनाव आदिमा विराम लाग्नु हुँदैन। संविधानको धारा अनुसार कानून वद्ध प्रक्रिया पुरा हुन पर्दछ। सभाको प्रक्रिया तब सफल होला, जब शाखाहरूले आफ्नो प्रक्रिया पुरा तथ्यवद्ध अवधिमा गर्ने छम्। यसलाई पुरा गर्नु सबैको कर्त्तव्य हो।

यो महामारीले 'विदा' पुर्ण रूपले लिएको छैन। लापर्वाही नगरौ। यसलाई कसरी हराउन सकिन्छ, हामीलाई थाह छ । यसैको पालन गर्दै, कोरोना लाई टाडै राखी, आफ्नो जिम्मेदारीलाई पुरा गरौ। समाज सर्तक, सुदृढ़, सकंल्पित अनि अनुशासित रहे सफलताले कदम चुम्ने छ।

धन्यवाद।

# अंतरंग सभा 10 अप्रैल 2021 गोरवाली सुधार सभा

1. गत् महिनाको अंतरंग सभा गोखाली सुधार सभाको जनरल मानेक्शॉ सभागारमा दिनांक 10 अप्रैल 2021 बिहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा आयोजित भयो। अंतरंग सभाको विवरणहरू यस प्रकारले छः–

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, कार्यकारिणी पूर्वअध्यक्ष महानुभावहरूको स्वागत अभिन्दन गर्नु भयो तथा उपस्थिती निम्ती आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजली विगत माहमा दिवंगत हुनु भयेको तथा कोरोना रोगग्रस्त भयी अवसान भयेका सबै सदस्यहरूको आत्मा शांति निम्ती तथा दुखित परिवार प्रति यो क्षति सहने शक्ति प्राप्ति होस भयी उपस्थित सबै महानुभावहरूले मौन शांति प्रार्थना गर्नु भयो। दिवंगतहरूको सुची आउने पत्रिका हरूमा छापने छौ।

ग) अंतरंग सभाका ऐजेण्डाहरू–

- i) नियमावली संशोधन निम्ती सुझाव/प्रस्तावहरू
- ii) बैंक भवन तथा भवनहरूको किराया वृद्धिअनुबन्ध/प्रस्ताव छलफल
- iii) सभाका असैनिक सदस्यको नानीहरूलाई दिने छात्रवृत्ति छलफल
- iv) कोरोनाकालमा स्थापना दिवसको प्रारूप परिस्थिती अनुसार सुनिश्चित गर्ने बारे छलफल।
- v) प्रेरणा भवना अन्य आवश्यक सुझाव छ भने छलफल अन्य लोकपर्ण गर्ने बारे।

2. विशेष अतिथी सम्बोधन – कर्नल एम.एन.एस (रिटार्यड) फूलमाया ज्यूले सभाको आभार व्यक्त गर्नु भयो साथै स्थापना दिवस तथा सभाका अन्य गतिविधीहरूमा पनि मेरो सदै सहयोग रहने छ भन्नु भयो।

3. सूचनाहरू –
क) स्थापना दिवस को उपलक्षमा माननीय मुख्यमंत्री श्री तीरथ सिंह रावत, केबिनेट मंत्री श्री गेणेश जोशी, राज्यमंत्री ले.टी.डी. भुटिया, पूर्व सांसद श्री तरूण विजय तथा टिहरी सांसद माला राज्य लक्ष्मी शाह ज्यूको शुभकामना सन्देश प्राप्त भयेको छ।

ख) AIGEWA को तर्फ देखी दुई कम्प्यूटर तथा तीन सिलाई मशीन प्रशिक्षण को लागी प्राप्त भयेको छ।

ग) राष्ट्रीय महिला एवं बाल आयोग दिल्ली ले केन्द्रलाई बिहार मा गोर्खा पिड़ित नानीलाई न्याय दिने पत्र पठायेको छ।

घ) गौहाटी विश्व विद्यालयका वरिष्ठ प्रोफेसर श्री खगेन शर्मा ज्यूले उत्तराखण्ड़मा नेपाली भाषाको पाठ्यक्रम प्रारम्भ गर्ने सहयोग दिनु भयेको छ।

ड.) श्रीमती गीता रानाको पारिवारिक समस्या सभाधान निम्ती एस.एस.पी. टिहरी लाई पत्र भेजेको छ।

च) किरायामा दिये को बैंक भवनको विद्युतभार वृद्धि गर्ने प्रक्रियामा बैंक ले शुल्क विद्युत विभाग मा जमा गरेको छ।

4. महामंत्री को निवेदन – अंतरंग सभा समक्ष महामंत्री ज्यूले निम्न निवेदन राख्नु भयोः–

क) कोरोना कालमा हामी सबै बचाव गर्ने निदेशहरू पालन गरौ।

ख)ठाकुरपुर शाखाध्यक्ष श्री विष्णु बहादुर खत्री ज्यूले नेत्रविहिन वृद्धको व्यक्तिगत रूपले भरण पोषण खर्चा वहन गर्नु भयेको छ। सभाले वहन गरी दिये आभारी रहने छौं।

ग) सोशल मिडियाको व्हाट्सएप ग्रुपमा हामी सबैले समाज उत्थान जानकारी मात्र शेयर गर्नु होला।

घ) ऑडिट गरेको शाखाहरूले आफ्नो – आफ्नो एजीएम गराउने व्यवस्था गर्नु होला।

5. उपस्थित महानुभावहरूको सुझाव –

क) श्री बुद्ध बहादुर गुरूंग, शाखाध्यक्ष छिददरवाला – गाँवहरूमा निर्धन परिवारहरू छन वहाँको नानीहरूलाई उच्च शिक्षामा आर्थिक सहयोगको अवश्यकता छ। शाखाले सहयोग को सिफारिश गरे पछी केन्द्रले मदद गरी दिनु होला। सभामा राजनेतिक पार्टीमा सक्रिय भयेका पदाधिकारीहरूले कुनै पनी पद न लिने पनि भन्नु भयो।

ख) श्री जोगेन्द्र शाह, शाखाध्यक्ष विकास नगर – नानीहरूलाई विशेष छात्रवृति वितरण पूर्व सिफारिश उपरांत पूर्ण जॉच गरेर दिने तथा राजनेतिक पदमा भयेको सदस्यहरू सभामा पद न लिने।

ग) श्री धीरेन्द्र क्षेत्री शाखाध्यक्ष भारूवालाग्रान्ट – गरीब परिवारको आर्थिक सहायतामा जॉच गर्ने तथा सिफारिश गर्ने समिति गठन गर्ने सुझाव दिनु भयो।

घ) श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी – नानीहरूको शिक्षाको लागी 10,000/–रूपया सम्म शाखाको सिफारिशमा सहयोग गरि दिये परिवारले पढाईका पूरा खर्चा वहन गर्नु सक्छ तथा सभाको आजीवन आभारी पनि रहने छ।

ड़) श्री शंकर थापा, शाखाध्यक्ष गढ़ी कैन्ट – परिजनहरूले अन्य संस्था देखी  नानीलाई सहयोग दियेको छ भने सभा देखी अन्य गरीब परिवारहरूलाई सहायता गर्ने। सभाले मात्र कोष बृद्धि गरे र राख्ने होइन, हामीले सम्पदाहरू पनि वृद्धि गर्नु आवश्यक छ। 17 अप्रैल 21 स्थापना दिवस हामी सूक्ष्म रूपले आयोजन गर्ने सुझाव दिनु भयो।

च) श्री नरेन्द्र सिंह गुरूंग, शाखाध्यक्ष रायपुर – विशेष छात्रवृति पाउने नानीहरूको अघि–प्रगति पनि हामी ले हेर्नु पर्छ। प्रगति गर्ने बच्चालाई धेरै सहयोग गरेर भविष्य निर्माणमा उच्च पदको लागी सफल हुनु सक्ने छ।

छ) श्री लीला सिंह वली क्षेत्री, शाखाध्यक्ष चकराता – कुनै पनि विचार सुझावहरू अंतरंग सभामा पास भये पछि पुनः लिखित आवेदन न लिने। केन्द्र तथा शाखामा पद लिने हरूलाई अन्य सामाजिक कार्यको लागी हामीले प्रतिबन्ध न गरौ, हामी कुनै पनि न्यापिक कार्यवाही भयेमा तैयार रहनु पर्छ।

ज) के. आर.एस. थापा, सहयोजित सदस्य – 17 अप्रैल 2021 स्थापना दिवस सूक्ष्म कार्यक्रम राख्ने, मात्र केन्द्रका पदाधिकारी, शाखाध्यक्ष तथा पूर्व अध्यक्षहरूलाई आमंत्रण गर्ने। गोर्खा मिलिट्री कालेज प्रबन्धन समितिले सक्रिय भयेर हाम्रो चिनारी विद्यालय लाई सदै जीवित राख्ने हो। सभाले अन्य संस्थाहरूलाई संग लियेरे सभाका कार्यक्रमहरूलाई सफल पार्नु आवश्यक छ।

झ) श्री विष्णु प्रसाद ढकाल, सहयोजित सदस्य – सर्व सहमतिले बनायेको नियमावली लाई हामी पुनः पुनः संशोधित न गरौ, अति आवश्यक भये मात्र हामी वार्षिक अधिवेशनमा पास गर्ने हो। राजनैतिक पदमा बसे का सदस्यहरूलाई सभाको निती अनुसार बाध्यता हुन पर्छ। समाजमा कमजोर परिवार को नानीहरूलाई हामीले शिक्षा सहयोग गर्ने सुझाव राम्रो हो साथै हामी वृद्ध तथा दिव्यांग व्यक्तिहरूलाई पनि विशेष सहयोग गरौ।

ञ) क.जीवन कुमार क्षेत्री, सम्पादक – निर्धन परिवारको नानीहरूलाई हामी अवश्य सहयोग गर्ने हो।

ट) ब्रि.पी.एस. गुरूंग, पूर्व अध्यक्ष – समितिले सिफारिश गरे अनुसार छात्रवृति या आर्थिक सहयोग पढ़ने नानीहरूलाई बराबर हो। रेडियो स्टेशन प्रसारण शुरू हुन्दै छ भारतमा नेपाली भाषा को पहिलो बाटी रहने रेडियो स्टेशन हो, 90.0 फ्रिक्वसी निर्धारित भयेको छ।

ठ) क.सी.बी.थापा, पूर्व अध्यक्ष  – केन्द्र तथा राज्य सरकार देखी पाउने शिक्षा सहयोग योजना पनि हामीले लिने हो तथा वहा सहयोग न मिलेको परिवारलाई हामी सहयोग गरौ। गोर्खा मिलिट्री कालेजको प्रबन्धन समितिले माननीय रक्षा मंत्री लाई भेटने छौ हामी चाहन्छौं कमी किराया राखेर लीज गर्ने प्रयास गर्ने हो।
नियमावली संशोधन प्रक्रिया लाम्बो छ। अंतरंग सभामा पास गरी एजीएम (AGM)  तथा उपनिबन्धक कार्यालयमा रजिस्ज्टर्ड गराउनु आवश्यक छ। हामी सबैले समाज–समुदायमा संदै सेवा भाव लियेर कार्य गर्ने हो।

6. माननीय अध्यक्ष ज्यूको सम्बोधन – अध्यक्ष ज्यूले अंतरंग सभामा उपस्थित सबै महानुभावहरूको स्वागत जनाउनु भयो। अंतरंग सभाको बुन्दाहरूको छलफल गरी सबै उपस्थित महानुभावहरूले आफ्नो सहमति दियोको मा अध्यक्ष ज्यूले आभार व्यक्त गर्नु भयो। केही बुन्दाहरू वार्षिक अधिवेशनमा पारित गरी नियमावलीमा संशोधन गर्ने पनी निश्चित भयो, बुन्दाहरू यस पाराले छनः–

क) हाम्रो समुदायको पुत्रीहरूको अन्य समुदायमा विवाह भयेको अवस्थामा सभाको सदस्यता स्वतः रद्द हुने छ तथा सभामा शाखा तथा केन्द्रको कुनै पनि पदभारा निम्ती सिफारिश हुने छैन, तथापि वार्षिक अधिवेशनमा पूनः छलफल गर्ने छौं।

ख) बैंक भवन किराया आउने वर्षमा संशोधन हुने छ जसमा दुबै तलहरूको एउटै एग्रीमेन्ट हुने छ, किराया बाजार भावको हिसाबले बद्धि गर्नु पर्ने छ।

ग) सभा सदस्यका नानीहरूको छात्रवृति आवेदनमा कमी आयेको छ तथा प्राप्तांक प्रतिशत पनि थोडै छ, यसरी साधारण तथा विशेष छात्रवृति वितरण व्यवस्थामा परेशानी हुन्छ, तथापि छात्रवृति दानदाताहरूको निर्देश हामीले स्थापना दिवस आयोजनमा वितरण गरेका छौं, अन्य छात्रवृति शाखा अधिवेशनमा वितरण हुने छ।
घ) स्थापना दिवस  2021 कार्यक्रम वेश्विक महामारीको कारण सूक्ष्म रूपले हुने छ तथा स्थापना दिवसको सबै गतिविधीहरू हामीहरू शाखाध्यक्षको माध्यमले सदस्यहरूलाई दिने छौं।

ड़) महारानी माला राज्य लक्ष्मी शाह, टिहरी सांसद ज्यूको अनुरूप प्रेरणा भवन तैयार भयेको छ। भवनमा सौन्दर्यकरण तथा सूचनाहरू भव्य रूपमा गरिये छ तथा अन्य सुझाव हरूपनि स्वागत गर्ने छौं, केप्टन वाई.बी थापा ज्यूले स्वयं कलाकृतिहरू

बनाउनु भयेको छ वहाँलाई धेरै–धेरै आभार छ। 17 अप्रैलमा हामी महारानी ज्यूको बाहुलि देखी लोकार्पण गर्ने छौं।

च) अन्य बुन्दामा अध्यक्ष ज्यूले सब एरिया कमाण्डर नयाँ आउनु भाको छ, वहाँलाई शुभकामना दिनु निम्ती हामीले समय लिने छौं।

छ) शाखामा सदस्यहरूलाई आर्थिक सहायताको लागी प्रतिबन्ध छैन तर हामी नया सदस्य पनि धेरै बनाऔ आय पनि हुने छ तथा सदस्यता वृद्धि अनुपातले आर्थिक सहायता पनि धेरै हुने छ।

ज) सभामा विभिन्न सदस्य तथा उपजातिय जीवनमा समितिहरूले निर्धनहरूलाई सहयोगगर्नु निम्ती दिनु दान भयेको आभार व्यक्त गर्नु भयो। मगर समाजले 5000/–, लिम्बू समाजले 11,000/–, गुरूंग समाजले 5000/– राई समाजले 3000/–, श्री विषन बहादुर गुरूंगले 12,000/–, श्रीमती गीमा विष्टले 1,00,000/– तथा तनुजा विष्टले 21,000/रूपयाले सभालाई दान दिनु भयो। सबै उदार दानदाताहरूलाई अध्यक्ष ज्यूले धन्यवाद टक्राउनु भयो।

झ) वर्ष 2021 मा हुने जनगणनामा हामीहरूले गणना फार्म सबै ब्योराहरू पूर्ण रूपले भर्ने साथै मातृभाषा नेपाली लेखने हो तथा अन्य विषय फार्महरूमा पनी हामी आफुलाई हिन्दू गोर्खा देखाउनु पर्छ।

ञ) जुलाई 2021 मा केन्द्रको वार्षिक अधिवेशन हुने छ, कुनै सुझावहरू छ भने तुरन्त पत्र द्वारा अवगत गर्नु होला, महामारी कालमा सरकार द्वारा निर्देशित नियम पालन हुने छ। वार्षिक बैठकमा सबै आउनु होला। महामारी प्रकोप बढयो भने हजूरहरूलाई शाखाध्यक्षको माध्यमले सूचना प्राप्त हुने छ।

अंतमा उपस्थित महानुभाव हरूलाई अंतरंग सभामा सोहार्दपूर्ण वातावरणले सहयोग दियेको मा अध्यक्ष ज्यूले आभार व्यक्त गर्नु भयो तथा सभा समापन घोषणो गर्नु भयो।

## क्यारमबोर्ड

आफूलाई खेल्दा नबुझेको
खेलन्न छाडेपछि हेर्देगर्दा बुझेको।
हेर्नलागें
एक पट्टिबाट हिर्कायो
छरपस्ट भए गोटीहरू
आफ्नो पासाका गोटीहरू भित्रए
अर्को पट्टिबाट त्यसै गर्‌यो
फेरि अर्को पट्टिबाट
बिरोधी गोटीहरूलाई नछोई
अथवा चतुर्राइँ सित अप्ठयारो तिर पार्दै।

सबैको लक्ष्य रातो गोली पचाउने।
खेला हेर्देगर्दा
क्सरी पिटिदाँ रहेछन् जनता
छरपस्ट गोटीहरूसरह
रातो गोटीको लाभदायक चौकी पचाउन
पिट्ने नेता र
आफ्नै विवेकले चल्नु चट्पटाउनु नसक्ने
ढुंगा मूडा सरहका पिटिने जनता
लोगतन्त्रको क्यारमबोर्डमा।

**श्री राज.के. श्रेष्ट**
**गान्तोक**

## तानसेन

**श्री सि.के. श्रेष्ट**

वर्ष 2020 को अप्रैल महिना। कोरोना ले गर्दा देश को सम्पूर्ण भू–भागमा लॉक डाउन। बजार, यता उता जानु त परै जाओस, घर बाट बाहिर निस्कन पनि डर सरी। घर भित्र बसी–बसी वाक्कै र दिक्कै लाग्न थाल्यो। घरमा म र श्रीमती मात्रै। आपसमा कति कुरा गर्नु? के कुरा गर्नु? न्यूज पेपर पनि कोरोना को डरले बन्द थियो। टी.भी. कत्ती हेर्नु? न्यूज चैनल त लगाउनै लगॉउदिन थिएँ खाली कोरोना संबंधी समाचार को कारण हेर्न पनी डर लाग्ने। घर मा उपलब्ध उपान्यास, कथा, कविता, जीवनी, संस्मरण लेख इत्यादि किताब जम्मै पढें र सिद्धायें। कत्ती किताब हरू त पहिला पनि पढ़ी सकेता पनि, टाईम पास गर्न पुनः पढ़द थिएँ। घरमा रहे का पत्र–पत्रिका पनि जम्मै पढ़ी सके। नयाँ मगाऊने अथवा किन्ने कुरै थिएन, कारण कोरोना को डर। साथी–भाई, छर–छिमेकी को घर जानु अप्ठयारो। कोरोना संक्रमित भनेर शंका पो गर्ने हो कि? मेरो घर को छेऊमा भाईको घरमा फोन गरी भाई को छोरी रिजुल लाई चेस(शतरंज) खेल्नू बोलाऊथिएँ। छोरीको उमेर दश वर्ष भये पनि चेस खेल्नूमा साहे् सिपालु, तर एक गेम खेले पछि ''मलाई त पढ़नू छ'' भनी घर फर्की हाल्ने।

घरको बाथरूम, झ्याल, ढोका, पंखा बल्ब इत्यादि सफा भये पनि टाइम पास गर्न दिर्नो जस्तो साफ गर्थे। फर्नीचर को

काटवाला पार्टस मा टचवुड़ लगायेर चट्ट बनाई सके। भनु भने घर भित्रको केही काम थियेन। भान्सा कोठा तिर श्रीमतीलाई खाना बनाउनेमा मदत गरूं भन्दा पनि श्रीमतीले भन्थे, ''आ दुई जनाको खाना बनाउनु को लागी पनि के मदत गर्नु हुन्छ? गएर आराम गर्नु होस।'' मलाई थाह छ भान्सा कोठामा काम धेरै नै हुन्छ तर मेरो माया लागेर होला श्रीमतीले मलाई काम मा मदत गर्न न दियेकी।

''अब के गरूं''?..........

एक दिन मोबाइलमा यू ट्यूब खोली हेर्दा स्वर सम्राट नारायण गोपाल को गीत ''पर्खी बसें आउला भनी मेरो उठ्ने पालो'' सुन्न पाऊदा साहै राम्रो र मीठो लाग्यो। मेरो पालो कागज–पेन निकालेर गीत लेख्नु बसे। नौ–दस पल्ट रिपिट गर्दा लेखी सकेर कंठस्थ गर्न थालें। हुन त म गायक होइन। गीत गाउन मन त पर्थियो, तर साहै लाज लाग्ने। रहर पूरा गर्न बाथरूम भित्र पसे पछि मात्रै गाउँद थिएँ। कसैले न सुनोस् भनेर। छोटकरी मा भनू भने म बाथरूम सिंगर।

लॉक डाउनले गर्दा दिउंसै राति जस्तो सुनसान, चारै तिर केही हो हल्ला छैन। हल्ला पनि कसरी होस त, लॉक डाउनले गर्दा सबै आफ्नो–आफ्नो घर भित्र। कोही बाहिर न निस्किने। यहि हो मौका मैले गीत गाउने रहर पूरा गर्ने सोचले सुनसान भये ता पनि ड्राइंग–रूम को झ्याल–ढोका थुनी निश्चित भये कि अब मैले गायेको गीत या कुनै पनि आवाज बाहिर बाट न सुनिने भयो । अनि नारायण गोपालको स्वरमा स्वर मिलाई गीत गउने प्रयास गर्न थाले। अलिक आत्म–विश्वास जाग्यो कि अब त गाउन सक्ने भये भनी। एक चोटी, दुई चोटी, तीन चोटी गीतको अभ्यास पूरा एकाग्रताले गर्दै थिये। गीत गांउदा–गांउदै भान्सा कोठा बाट श्रीमती को आवाज आयो, ''औ तानसेन खाना पाक्यो, खाना खानु आऊनु होस्'' । यो तानसेन शब्दले  मेरो गीत गाउने रहर दरपस्टै भयो। कसैले मीठो सपना बाट बिऊंझाएको जस्तो लाग्यो। एक क्षण त रिस पनि  उठ्यो।

आज एक वर्ष जस्तो बित्नू ऑटयो, सत्य होला बाहिर त के बाथरूममा पनि गाउन छोडे। एउटा राम्रो गायक बन्ने अभिलाषा थियो तर अब बाथरूम सिंगर पनि रहिन।

## भारतीय सेना, गोर्खा राइफल्स अनि गोर्खा

गोर्खा अनि अंग्रेज बीच एउटा ऐतिहासिक लड़ाई सन् 1841 मा लड़िएको थियो देहरादून को खलंगा नालापानी भन्ने थुम्कोमा। यस युद्धले गोर्खालाई विश्वमा प्रसिद्ध गरायों एउटा वीर जातिको रूपमा, एउटा इमान्दार, निडर, मेहनती अनि सहनशील समुदायको रूपमा अनि विश्वमा प्रसिद्व भयो गोर्खाको वीरता अनि "एंग्लो गोर्खा वार 1814। अदम्य साहस, दृंढ संकल्प, विश्वास वीरता, सुझबुझ, अनि संकल्प सित लड़ेको युद्धमा गोर्खाको विश्वमा आफनो वीरताको अनि वीर गोर्खाको अस्तित्व दियो। विश्वमा गोर्खाको वीरताको हावा चल्न शुरू भई सकेको थियो। अग्रेजले गोर्खाको वीरताको सहि मुल्यांकन गरि आफ्नो सेनामा भर्ती गर्ने लागे, परिणाम, प्रथम अनि दोस्रो विश्व युद्धमा गौरवमय वीरताको इतिहास रचे। अहिले सम्म भारत सहित संसारको विभिन्न युद्ध भूमिहरूमा यी 'गोर्खा' हरूले आफ्नो वीरताको इतिहासमा सुनौलो अध्याय जोड़ी नै रहेका छन्।

यसरी शुरू भयो गोर्खा पल्टनको जन्म भारतमा (हिन्दुस्तान) ब्रिटिश शासनकालमा सन् 1815 देखि अनि पहिले पल्टन जन्मियो 1ेज ळवतीं त्पसिमे;जैम डंसंनद त्महपउमदज हिमाचल प्रदेशको सबाटुमा। यसै क्रममा अन्य गोर्खो पल्टनहरू स्थापित हुँदै गयो 2nd GR, 3rd GR, 4GR, 5GR, 6 GR, 7GR, 8GR, 9GR, 10GR, अनि 11GR.

11GR प्रथम युद्धको समय मई 1918 मा जन्मियो तर युद्ध पछि अप्रैल 1922 मा बन्द भयो। भारत स्वाधिन पछि 11 GR पुनः जन्मियो अहिले सम्म यी सबै पल्टनहरूमा भारत अनि ब्रिटेनमा सक्रिय छन्। भारत स्वाधिन पछि, गोर्खा पल्टन दुई राष्ट्रहरूमा बाँटियो। भारत अनि ब्रिटेन बीच भारतमा रहयो 1st, 3rd, 4th, 5th, 8th  अनि 9GR अनि पछि पुनः गठन भयो 11GR। ब्रिटेनमा पर्यो, 2nd, 6GR, 7GR अनि 10GR भारतमा यहि गोर्खा पल्टनहरू अहिले सम्म छन। ब्रिटेनमा यी चारै पल्टनहरू 1994 मा बन्द भयो। अनि यहि पल्टनको जवानहरू मिलाएर केवल दुइवटा बनाए। यसै सन्दर्भमा गोर्खा पल्टनको अस्तित्व एक Fixed class को रूपमा रहोस, जो युगों देखिको छ, भनेर सरकार संग देश भित्रका विभिन्न गोर्खा संघ सस्थाले अनुरोध गरेको छ। यसै सन्दर्भमा सरकारबाट पाएको जवाबमा आधारित जानकारी यस्तो छ। पछि केहि वर्ष देखि यो Gorkha Regiment मा भर्ती हुने उम्मेदवारहरूको गोर्खा संख्या लगातार कम हुँदै गई रहेको छ, फलस्वरूप यी पल्टनहरूमा अधिकारित संख्या भन्दा कम हुन गएको छ। जसको कारण सरकारले यो

कमी पूर्तिको निम्ति भारतका अन्य पहाड़ी युवाहरूलाई (कुमाउनी अनि गढ़वाली) अस्थायी रूपमा गोर्खा पल्टनमा हाल्ने निर्णय लिएको छ। भारतमा रहेको गोर्खा पल्टनहरूमा नेपालको नागरिक अनि भारतीय गोर्खाहरू छन् जो भारतको नागरिक हुन। यिनीहरूमा Nepali Domicile Gorkha (NDG) अनि Indian Domicile Gorkha (IDG) भन्निछ। अनि यी पल्टनहरूमा भर्तीको निम्ति अनुपात 60:40 (Ratio 60रू40) छ नेपाली अनि भारतीय गोर्खा नागरिक क्रम सित। भारतीय सेनामा अन्य तीन पैदल सेना (Infantry Bn) मा केवल गोर्खाहरू छन Assam Regt, Naga Regt अनि Guards Regiment साथै अन्य पल्टनमा पनि (जसको केहि 'कोटा' छैन) छन। प्रायः सबै गोर्खा पल्टनहरू (11 गोखा राइफल्स बाहेक) 200 वर्ष भन्दा पुराना हुन। स्थापना भए देखि नै, यी सबै गोर्खा पल्टनहरू एउटै वर्ग (Fixed Class Composition) मा आधारित थियो, ती पल्टनहरूलाई Mixed Troops / Class Composition मा परिवर्तन गर्ने उद्देश्यले Mixed class compositon खड़ा (compositon) गरयो, Trial को रूपमा। तर सरकारले यस विचारलाई रद्द गर्नु पर्‍यो र 1999 मा यो, Trial बन्द गर्‍यो। यस Concept मा त्यस समय पनि Gorkha Rifles (सामेल) थिए। सन् 2000 तिर अझै एउटा Gorkha Bn केवल भारतीय गोर्खाहरूलाई लिएर खडा गर्ने प्रक्रिया शुरू भयो, Bn थियो, गोर्खा Bn of 1 Gorkha 6/1 GR तर यस पल्टनको भर्तीको निम्ती पनि भारतीय गोर्खा (IDG) उम्मेदवारहरू पुरा हुन सकेन। अन्तमा अरू गोर्खा पल्टनहरू बाट जवानहरूलाई लिएर यो पल्टन (6/1GR) स्थापना हुन सक्यो। यसै कारण भारतीय गोर्खाहरूलाई लिएर अरू पल्टन स्थापना गर्ने विचार / योजनालाई लिएर भर्ती प्रक्रिया जारी नै राख्यो तर समस्याको समाधान हुन सकेन। सेनामा कमी कुनै पनि चीजहरूको हुनु हुँदैन लड़ने जवानको कमी त प्रश्नै उठदैन। अन्य विकल्प नहुनु को कारण यो अस्थायी कदम उठाएको हो। यस विषयमा प्राप्त Additional Dte Gen Manpower, IHQ of MOD (Army) को पत्र संख्या B/05102/Petition/MP-1 - Dated 02 Feb 2021 को फोटो कपि संलग्नछ। गोर्खा उम्मेदवारको सेनाामा भर्ती को कमि को कारण निम्न प्रकार छः–

(क) शारिरिक क्षमता, मैडिकल सुयोग्यतामा (Physical & Medical Fitness) कमी
(ख) पढ़ाईको योग्यतामा कमी
(ग) सेना बाहिरको नौकरी प्रति झुकाव

गोर्खाहरू साथै अन्य पहाड़ी जाती (Other hills Tribes) को निम्ती शारिरिक अनि शैक्षिक स्तरमा छुट छ अन्य जातीको तुलनामा पढ़ाईको प्राप्तांक आवश्यकता केवल 34% छ भने अन्यहरू लाई 44% छ। 34% पनि ल्याउने हाम्रो नानीहरू क्षमता छैन भने सेना सेवा विकल्प बिलाउने छ। गोर्खा पल्टनमा 40% संख्या भारतीय गोर्खाहरूको निम्ती हो अनि यो संख्याको 60% पुरा हुन्छ उत्तर बंगालको गोर्खाहरूबाट। पश्चिम बंगाल सरकारले राज्य शिक्षा बोर्डको दशौं कक्षाको पासको निम्ती 25% राखेको छ जो सेना तथा अन्य राष्ट्रीय स्तरको नौकरीको निम्ती अमान्य छ।

यसै कारण गोर्खा उम्मेदवारहरूको योग्य 'युवा' जसले पुरा मापढण्ड (QR) मा योग्य हुन नसक्नु हो। समय आएको छ भारत भरि छरिएर बसेका गोर्खा समुदायमा यस विषयमा गोर्खा पल्टनको अस्तित्व बचाउन पर्छ, नत्र भने जानकारी पुर्‍याएर, युवाहरूमा जागरूक गराएर, सेनामा भर्तीको निम्ति तयार गराउने 'गोर्खा' केवल इतिहासमा मात्र सिमित रहने छ। समय परिवर्तनशील छ।

समाज र समुदाय पनि परिवर्तनको परिधि भित्रमा नै छ। हाम्रो सामाजिक स्तर, आर्थिक स्थिती, शिक्षा तथा अन्य विकल्पहरूमा अवश्य परिवर्तन आएको छ समाज दहिलो छ, पहिलेको तुलनामा। यसर्थ युवाहरूको व्यवसाय र सेवाको निम्ती झुकाव फौज भन्दा अन्य व्यवसाय प्रति छ। यो उनीहरूको रहर हो, यसमा कसैको 'कर' चल्दैन अनि 'कर' लगाउन पनि हुँदैन। हामो अस्तिव सित जोडिएको 'वीरता' लाई पनि बचाउन जरूरी छ। एउटै जाती जसलाई विश्वले चिन्दछन मृत्यु सित नडराउने जाती, मृत्यु लाई पनि हाँसी–हाँसी अँगालो हाल्ने जाती भनेर। फौजीको महत्व, हाम्रो समाजमा पुर्खाको बलिदान मातृभूमिको रक्षा इत्यादि एक उत्साह बडाउने, मनोबल जगाउने तथ्यहरू हुन्। यसर्थ कोशिश गरौं। हाम्रो युवाहरू कुनै पनि क्षेत्रमा पछि नरहुन चाहे खेलकूदमा होस या पढाईमा, स्वास्थमा होस या स्वच्छतामा, सबै क्षेत्रमा अघि रहनु पर्छ। यदि हामी पछि रहयौं भने युगौं देखिको हाम्रो अर्को मुहार ''कुल्ली पानीमा'' परिवर्तन आउन मुश्किल छ। राष्ट्रको हर समुदाय जस्तै हामी पनि अग्रीम पंक्तिमा रहौ, समाज पनि अग्रीम पंक्तिमा रहोस्।

जै गोरख, जै हिन्द

Tele : 23019794
: 35023

Additional Dte Gen Manpower
(Policy & Planning)
Adjutant General Branch/MP-1
IHQ of MoD (Army)
DHQ PO, New Delhi-110011

B/05102/Petition /MP-1

12 Feb 2021

Gorkhali Sudhar Sabha (Regd)
Head Office Maj Dhan Singh Thapa PVC Marg
Garhi, Dehradun Cantt-248003 (UK)

**REGARDING MEDIA REPORT ABOUT INDIAN ARMY PROPOSAL TO INDUCT NON-GORKHAS INTO GORKHA RIFLES**

1. Please refer to your representation dated 20 Nov 2020 addressed to Hon'ble Defence Minister, Govt of India.

2. The Gorkha Rifles have played a pivotal role in the Armed Forces of India. However, due to various socio-economic factors, of late there has been a discernible decrease in suitable candidates appearing for recruitment rallies leading to shortage/deficiency of troops in Gorkha Battalions of the Indian Army. The deficiency has become more pronounced from 2017 onwards.

3. To overcome this deficiency, certain remedial measures like increasing the number of recruitment rallies, conduct of recruitment rallies in remote areas & other catchment areas have been undertaken. However, these measures have not yielded the desired results and the deficiencies continue to mount in the Gorkha Battalions.

4. After detailed deliberations/ discussions with all stake holders including the President of Gorkha Brigade, an interim decision has been taken to induct certain hill tribes, bearing in mind, the cultural linkages and ethnicity. While doing so, the character & composition of the Gorkha Units/Regiments in the Indian Army is being maintained as per the spirit of military heritage. The above will be a temporary measure till 31 Mar 2023. The recruitment of other hill tribes will be against the long term average deficiency. Based on the progress seen, a review would be carried out.

5. For information please.

(Vijay V Ramanan)
Col
Col MP-1

**Copy to**:-

**AG Coord (c)** - For info wrt your Note No B/01249/Rtg Coord/2020/AG Coord (c) dt 30 Dec 2020.

**Rtg B** - For info wrt your Note No A/72884/VIP/Rtg B (B Mil) dt 28 Jan 2021.

# शाखा भारूवाला ग्रांटको सम्मानित अध्यक्ष
# श्री धीरेंद्र सिंह क्षेत्रीज्यूको अध्यक्षतामा शाखाको वार्षिक अधिवेशन





## सभालाई सहयोग अनुदान



## वयोवृद्ध उत्तराखण्ड राज्य आंदोलनकारी, कवि, लेखक एवं वरिष्ठ समाजसेवी श्री बब्बर गुरुंगज्यू संग वहाँको आवासम शिष्टाचार भेंटवार्ता गरि वहाँ को स्वास्थ्य को हालचाल जाननु भयो



# गोर्खाली सुधार सभा अध्यक्ष श्री पदम सिंह थापाज्यूको सांसद अजय भट्टज्यू संग शिष्टाचार भेंट वार्ता



# वीर जाँबाज शहीदहरू लाई शत् शत् नमन

